# तल उल्लेखित निकायहरुद्वारा सहमति गरिएका कार्यसञ्चालनका आधारभूत मार्गदर्शनहरु

अर्न्तराष्ट्रिय मान्यता प्राप्त तथा नेपालमै सहमत भएका जवाफदेहिता, निष्पक्षता, पारदर्शिता तथा समावेशिताका सिद्धान्तहरुमा आधारित हामी निम्नबमोजिमका निकायहरुले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका जनताका लागि सबै किसिमका विकास कार्यहरु गर्न र आवश्यकता भएमा मानबीय सहयोग गर्नको लागि समेत तल उल्लेखित कार्यसंचालनका आधारभूत मार्गदर्शनहरुमा कार्य गर्न सहमति जनाएका छौं ।

१. हामी नेपाली जनताको जीवनस्तर सुधारमा योगदान गर्नका लागि नेपालमा कार्यरत छौं । गरिवी न्यूनीकरण, आधारभूत आवश्यकताहरु परिपूर्ति गर्न र उनीहरुका विकास आकांक्षा पूरा गर्न समुदाय र देशलाई सक्षम वनाउन केन्द्रित हुनेछौं ।
२. हामी नेपाल सरकार संगको सम्झौता र स्थानीय समुदायहरुले स्वेच्छाले मुखरित गरेका चाहाना वमोजिम काम गर्दछौं । हामी जनमर्यादा, उनीहरुको संस्कृति, धर्म र रीतिरिवाजको सम्मान गर्दछौं ।
३. हामी नेपालका गरिव र सामाजिक रुपले पिछडिएका जनताहरुका लागि उनीहरु जहाँ वसेको भए पनि र जोसुकै भए पनि सहयोग पुर्‍याउँछौं । हाम्रा सहयोग कुनै राजनीतिक, जातिगत, धार्मिक वा अन्य आधारमा नभइ आवश्यकता र प्राथमिकताका आधारमा जो नेपाल र सहयोगी राष्ट्र वा संस्थाको छलफलमा आधारित हुने छन ।
४. हाम्रा सहयोगहरु सरकार र प्रभावित समुदायसंग पारदर्शी गर्ने सुनिस्चित गर्दछौ, साथै लक्षित लाभान्वितहरु, उनीहरुका समुदायहरु तथा प्रतिनिधिहरुलाई कार्यक्रम तर्जुमा, व्यवस्थापन र कार्यान्वयनमा समेत संलग्न गराउछौं । हामीले सहयोग पुर्‍याउन खोजेकाहरु प्रति र उक्त सहयोगका लागि स्रोत र साधन पुर्‍याउने दुवैप्रति हामी जवाफदेही हुनेछौं ।
५. खासगरी लिंग, जातिगत, जात र धर्मको आधारमा गरिने भेदभाव र सामाजिक वहिष्कारलाई सुधार्नमा हाम्रा सहयोगलाई सुनिश्चित गर्न खोजिनेछ ।
६. हाम्रा कामका लागि चाहिने योग्यता भएका र काम सुहाउँदा कर्मचारीहरु भर्ना गर्दछौं र राजनीतिक वा अन्य कुनै कुराहरुको आधारमा गर्दैनौं ।
७. हाम्रा कर्मचारीहरु र विकासका साझेदारहरुलाई हिंसा, अपहरण, हैरानी, त्रास वा धम्की दिने कार्य हामीलाई स्वीकार्य छैन । हाम्रा कार्यक्रम र कर्मचारीहरुको सुरक्षाका साथै निर्बाध कार्यक्रम कार्यान्वयनका लागि उचित वातावरण वनाई दिन हुन संवन्धित सवैलाई जोड गर्दछौं ।
८. हाम्रा लाभान्वित समुदाय, कर्मचारी र सेवा प्रदायक सांझेदारलाई असर गर्ने यौन शोषण, हैरानी र दुर्व्यवहार रोक्न तथा आरोपहरुको सम्वोधन गर्न हामी प्रतिवद्ध छौं ।
९. हाम्रा मुख्य मूल्य र मान्यताहरुमा सम्झौता गर्न हाम्रा कर्मचारीहरुलाई वाध्य तुल्याउने ठाँउमा हामी कार्य गर्दैनौ ।
१०. हाम्रा स्रोतसाधनहरुलाई कुनै किसिमको हिंसक, साम्प्रदायिक वा अन्य अभिप्राय जो हाम्रा उल्लेखित कार्यक्रमका उद्देश्य वाहिर भए हामीलाई मान्य हुनेछैन ।
११. हाम्रा उल्लेखित कार्यक्रमका उद्देश्य वाहिर हामी कुनै पनि समूह, राजनीतिक दल वा आवद्ध संस्थाहरुलाई चन्दा दिदैनौं साथै कुनै किसिमको करकाप वा स्वैच्छिक नगद वा जिन्सी प्रदान गर्दैनौ ।
१२. हाम्रा उपकरण, मालसामानहरु र साधनहरु हाम्रा कार्यक्रममा उल्लेखित उद्देश्य वाहेक अन्य कार्यहरुमा प्रयोग गर्न दिइने छैन । हाम्रा सवारीसाधनहरु विकासको कार्यक्रमसंग प्रत्यक्ष सम्वन्ध नभएका व्यक्ति वा सामानहरु ढुवानी गर्न प्रयोग हुने छैन । हाम्रा सवारीसाधानहरु सशस्त्र वा जंगी पोशाक लगाएका कर्मचारीहरु ओसारपसार गर्न प्रयोग गरिने छैन ।
१३. विकास वा मानवीय सहयोगको चोरी, अन्य कार्यमा प्रयोग वा दुरुपयोग जस्ता कार्यहरु हामीलाई मान्य छैन ।
१४. हामी सवै सम्बन्धितलाई विकास तथा मानवीय कर्मचारीहरुलाई सहयोगको आवस्यकतामा रहेका जनतासम्म विकासका कार्यक्रमहरुलाई कार्यान्वयनका लागि पूर्ण पहुँच प्रदान गर्न साथै उनीहरुको सुरक्षाको प्रवर्द्धन र स्वतन्त्र आवागमन गर्न दिन आग्रह गर्दछौं ।
१५. हामी सवै सम्बन्धित पात्रहरुबाट अर्न्तराष्ट्रिय मानवीय तथा मानव अधिकार कानूनहरुको कडाईका साथ पालनाको अपेक्षा गर्दछौं र यसका लागि प्रोत्साहित गर्दछौं ।

United Nations
EUROPEAN UNION
Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Federal Department of Foreign Affairs FDFA
Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडिसि
UKaid from the British people
JICA Japan International Cooperation Agency
NORWEGIAN EMBASSY
Ministry for Foreign Affairs of Finland
Australian Aid
giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH
ain Association of International NGOs in Nepal
SNV Netherlands Development Organisation
Connecting People's Capacities
KOICA Korea International Cooperation Agency
AMERICAN EMBASSY